## सर्वभारतीय तृणमूल कांग्रेस

# घोषणा पत्र २०२१



# सर्वभारतीय तृणमूल कांग्रेस
# घोषणा पत्र – २०२१



# अपील

तृणमूल कांग्रेसलाई समर्थन गर्ने र विगत १० बर्षदेखि मेरो साथमा रहेका पश्चिम बंगालका रहेका प्रत्येक व्यक्तिलाई म हार्दिक धन्यवाद दिन्छु । २०११ मा जब हामीले सरकार बनायौं बंगाललाई प्रगति,शान्ति र समृद्धिको नयाँ शिखरमा पुर्‍याउने एकल लक्ष्यबाट हामी संचालित भयौं । हामी यो लक्ष्य पूरा गर्न प्रतिबद्ध छौं । बंगालमा समग्र विकासको लागि बलियो जग निर्माण गर्न यस यात्रामा सबै क्षेत्रका व्यक्तिहरू हामीसँग सामेल भएका छन् । त्यस दिनदेखि यता यो अभियानमा हामीले गरेका धैरै पहलहरूले जीवन परिवर्तन गरेका छन् र यसले हामीलाई राज्यको उत्थानका लागि कडा परिश्रम गरिरहन प्रेरित गर्दछ । गत दशकमा हामीले बंगालमा राखेका विकासको आधारशिलाले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै मान्यता पाएको छ । म यो प्रगति र विकासको गतिलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने वाचा गर्छु ।

विगत १० बर्षमा हामीले गरेका उत्कृष्ट कार्यको बारेमा छलफल गर्ने समय आएको छ । धैरै उतार चढावहरूको बाबजुद हाम्रो समर्पण र कडा परिश्रमले बंगाललाई विभिन्न क्षेत्रमा एक शीर्ष स्थानको राज्यको रूपमा स्थापित गरेको छ । पछिल्लो दशकमा, हामीले हाम्रो अर्थव्यवस्थालाई सुदृढ गरेका छौं, र हाम्रो राज्यको बजेट तीन गुणाले बढेको छ जबकि जनताको औसत आय दोब्बरभन्दा बढी भएको छ । प्रत्येक घरको साक्षरता सुनिश्चित गर्न लाखौं विद्यार्थीलाई कन्याश्री योजना मार्फत आर्थिक सहयोग पुर्‍याइएको छ । बंगालका प्रत्येक नागरिकले अब स्वास्थ्य सत्य योजना अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा सुविधा लिन सक्दछन् । खाद्य साथी योजनाको माध्यमबाट, हामीले सहुलियत दरमा खाद्यान्न प्रदान गरी खाद्य सुरक्षाको ग्यारेन्टी गरेका छौं । बंगला आवास योजना अन्तर्गत, हामीले ग्रामीण परिवारहरू पक्का घरमा बस्न सकुन भनेर सुनिश्चित गरेका छौं । आज बंगालमा प्रत्येक घरमा विद्युत जडान भैसकेको छ । लाखौं किलोमिटर सडक निर्माण र मर्मत गरिएको छ । कृषि र यससँग सम्बन्धित सेवाहरूका लागि बजेट झण्डै पाँच गुणाले बढेको छ, जसले हाम्रो समाजका मेरुदण्डका रुपमा रहेका किसानहरुको जीविका अझ राम्रो गर्ने सुनिश्चित गर्दछ । हामीले पंचायतमा महिला आरक्षण बढाइदिएका छौं । समावेशीकरणलाई प्रोत्साहित गर्न अनुसूचित जाति र जनजाति समुदायको हितका लागि बजेट पनि दोब्बर भएको छ । रोजगारमा, बंगालले १०० दिने कार्य योजनामा शीर्ष स्थान प्राप्त गरेको छ । म आश्वासन दिन्छु कि बंगालले आगामी बर्षमा अर्थव्यवस्था, उद्योग, महिला सशक्तिकरण, रोजगारी सिर्जनास र अल्पसंख्यक, पिछडिएको वर्ग, अनुसूचित जाति र जनजाति समुदायको कल्याणमा नेतृत्व गर्नेछ ।

हाम्रो बंगाल बहुविध जाति, समुदाय, धर्म र विश्वासहरूको एक उल्लेखनीय फुलबारी हो । हामी एकता र विविधतामा विश्वास गर्दछौं, र यो हाम्रो संस्कृति र परम्पराको अभिन्न हिस्सा भएको छ । यो आदर्श हाम्रो विरासत हो, जुन हामीले रबिन्द्रनाथ टैगोर, नेताजी सुभाषचन्द्र बोस, स्वामी विवेकानंद, ईश्वरचन्द्र विद्यासागर, काबी काजी नजरुल इस्लाम, ठाकुर पंचन बर्मा, बाबासाहेब अम्बेडकर, हरिचन्द ठाकुर, गुरुचन्द ठाकुर, बिरसा मुंडा, रघुनाथ मुर्मू, महात्मा गान्धी, सिद्धू, कान्हु, गुरु नानक, मातंगानी हाजरा, मास्टरडा सूर्य सेन, खुदीराम बोस, र अन्य महापुरुषबाट प्राप्त गरेका छौं ।
यो समृद्ध विरासतलाई अगाडि बढाउन र भारतको विचारप्रति बंगालको हार्दिक अनुभूति प्रतिबद्धता विस्तार गर्न हाम्रो लडाई सदाको लागि जारी रहनेछ । बंगालकी छोरीको रूपमा, म सँधै मेरो मातृभूमि प्रति कृतज्ञ छु र मैले उनको सेवामा आफूलाई समर्पण गरेकी छु ।

भारतको संविधान हाम्रो लोकतन्त्रको आधारशिला हो । यद्यपि विगत सात बर्षमा विश्वको सबैभन्दा ठूलो प्रजातन्त्रको केन्द्रीय सरकार यसको आधारभूत सिद्धान्तहरूको बिरूद्ध गएको छ । यसले तानाशाही आक्रमणका साथ मानिसहरुको जीवनलाई ध्वस्त पारेको छ । हाम्रो देशका धेरै सम्मानित संस्थाहरूलाई कमजोर पारेको छ । प्रत्येक दिन हामी देशभरि महिला सुरक्षा क्षतविछत भएका समाचारह सुन्न बाध्य छौं । हाम्रा दलित भाइबहिनीहरूमाथि बर्बरतापूर्ण उत्पीडन गरिएको छ ।  किसानहरूको जायज मागको सुनुवाई भएको छैन् । सार्वजनिक सेवामा समर्पित मेरो जीवनमा मेरो मुख्य लक्ष्य सधैं जनताको पक्षमा खडा हुनु र उनीहरूको अधिकारको लागि संघर्ष गर्नु हो । हाम्रो देश यस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको वर्तमान अवस्थामा म एकातिर अन्य राज्यहरूमा उत्पीडन भोगिरहेका नागरिकहरुको पक्षमा आवाज उठाउँछु र अर्कोतर्फ त्यस्ता सबै उत्पीडनलाई हाम्रो पवित्र भूमिमा प्रवेश गर्न रोक्ने दृढ संकल्प गर्दछु ।

सन २०२० विश्व समुदाय र बंगालका लागि गाह्रो वर्ष थियो। जब हामी कोभिड-१९ महामारीको बेलामा केन्द्रीय सरकारको दिशाहीन नीतिहरूको सामना गरिरहेका थियौं, त्यही वेला हामीले विनाशकारी सुपर चक्रवात एम्फानको पनि सामना गर्नु पर्‍यो । यस कठिन समयमा केन्द्र सरकारले हामीलाई कुनै खास सहयोग गरेन । बंगालका जनतालाई न्यायोचित रुपमा पाउनु पर्ने हजारौं करोड रुपैयाँको सहयोगबाट  वञ्चित गरेर अलपत्र पार्न खोजियो । यद्यपि हामीले कहिले हार मानेनौं र जनताले भोग्ने कठिनाइहरू कम गर्न हाम्रो सरकारले धेरै विकासात्मक पहलहरू गर्यो । म बंगालका जनताप्रति ऋणी छु र संकटको यस घडीमा बंगालकी छोरीमाथि गरिएको विश्वासको लागि म आभार प्रकट गर्दछु ।

बंगालको विकासको पहल तेस्रो पटक अझ अगाडि बढ्ने छ र जनताको सेवामा समर्पित रहनेछ भन्ने सुनिश्चित गर्दै अझ राम्रो र समृद्ध बंगाल निर्माण गर्न म विनम्रता साथ आफ्न १० वटा प्रतिबद्धता प्रस्तुत गर्दछु । नागरिकहरु संगको विस्तृत परामर्श पछि यो घोषणा पत्र तयार गरिएको हो । बंगाललाई मुलुकको एक अग्रणी राज्यमा रूपान्तरण गर्न, मेरा १० वटा प्रतिबद्धताहरू हाम्रो लक्ष्यका रुपमा रहनेछन् ।

यस अवधिमा बंगाल देशको पाँचौं ठूलो अर्थतन्त्र बन्ने छ र हामी चरम गरीबीबाट पैतिस लाख जनताको उत्थान सुनिश्चित गर्नेछौं । युवाहरूका लागि, हामी प्रत्येक वर्ष पाँच लाख नयाँ रोजगारी सिर्जना गर्नेछौं र उल्लेखनीय रूपमा बेरोजगारी दर कम गर्नेछौं ।  पहिलो पटक, नयाँ योजना सुरू भइरहेको छ, जहाँ १.६ करोड घरपरिवारका महिलाहरू हाम्रो सरकारले प्रदान गरेको मासिक पाँचसय रुपैयाँको सहयोगबाट लाभान्वित हुनेछन् । सबै योग्य विद्यार्थीहरूको लागि उच्च शिक्षा सुलभ गर्न नयाँ विद्यार्थी क्रेडिट कार्ड योजना लागू गरिनेछ । यो क्रेडिट सहज चुक्ताको प्रावधान सहित कार्डमा चार प्रतिशत मात्र ब्याजको साथ १० लाख रूपैयाँको क्रेडिट हुनेछ ।

खादय़ साथी" योजना अन्तर्गत नयाँ सुविधाले डेढ करोड परिवारहरुलाई उनीहरूको ढोकामा मासिक रासन वितरण सुनिश्चित गर्नेछ । किसानहरू हाम्रो समाजका अभिन्न हिस्सा हुन र उनीहरूको कल्याण र जीवनको गुणस्तर हाम्रो लागि महत्वपूर्ण छ, त्यसैले हामी कृषक बन्धु योजना मार्फत सबै साना र सीमान्त कृषकहरूलाई प्रति एकर १०,००० रूपैयाँ दिने छौं । बंगालको औद्योगिक विकासको लागि साना र मध्यम उद्यमीहरूले महत्वपूर्ण भूमिका खेल्छन् । प्रतिवर्ष १० लाख नयाँ एमएसएमई गठन गरिनेछ । हामी बंगालमा प्रत्येक परिवारको सम्मानित जीवन यापन गर्दै शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकारको सुनिश्चित गर्नेछौं । यसका लागि हामी स्वास्थ्य र शिक्षा क्षेत्रमा  राज्यको लगानी बढाउने छौं, पच्चीस लाख सँख्यामा कम खर्चिला घरहरू निर्माण हुनेछन्, र प्रत्येक घरमा पिउने पानीको पर्याप्त सुविधा र सुधारिएको ड्रेनेज प्रणाली हुनेछ ।

मण्डल आयोगको सिफारिशमा परेका तर ओबिसिमा समावेश नभएका महिस्या, तिली, तामुल र सहस जस्ता सबै समुदायलाई ओबीसीमा समावेश गर्न विशेष कार्यदल गठन गरिनेछ । यसका साथै माल्दा जिल्लामा बस्ने अनुसूचित जनजाती समुदायको मागलाई शीघ्र सम्बोधन गरिनेछ । म महतो समुदायलाई अनुसूचित जनजातीको दर्जा प्रदान गर्ने हाम्रो सिफारिश कार्यान्वयन गराउन आक्रमक रुपमा केन्द्र सरकार सँग प्रस्तुत हुनेछु । यस क्षेत्रको दिगो शान्ति र विकासको लागि प्रयास गर्न र स्थायी राजनीतिक समाधानमा पुग्न म चुनिएका प्रतिनिधिहरू लगायत पहाडका प्रमुख सरोकारवालाहरू र स्थानीयहरूसँग मिलेर काम गर्ने छु ।

यी १० खम्बाहरूको आधारशिला हाम्रो पहिलो दुई सर्तमा राखिएको थियो, जसले आगामी बर्षहरूमा बंगाललाई अझ उच्च स्थानमा पुर्याउने गति प्रदान गर्यो । हामी यसका लागि प्रतिबद्ध छौं । हामी वचन दिन्छौं र हामी विश्वास तोड्ने छैनौ ।

म, ममता बनर्जी, मेरो जोडी-फूला बटन थिचेर तपाईको बहुमूल्य मतदान गर्न मेरो मां मती मानुशलाई आग्रह गर्दछु । तृणमूलका लागि मतदान गर्नुहोस् । "बंगालकी आफ्नै छोरी" लाई भोट दिनुहोस् । हामीले "बाह्य व्यक्ति" लाई प्रतिरोध गर्नै पर्दछ । हाम्रो राज्य बंगालमा शान्ति र सद्भाव कायम गर्दै परम्परागत सँस्कृतिको रक्षा गर्न आवश्यक पर्ने सबै ढुँगाहरु पल्टाउने छौं । आगामी पाँच बर्षमा, म असम्भवलाई सम्भवमा रूपान्तरण गर्नेछु । तपाईंको सबै आशीर्वाद, समर्थन र प्रेम लिएर आऊनुहोस, एकै साथ हामी तेस्रो पटक तृणमूल कांग्रेसको सरकार गठन गरौं ।

जय हिंद । जय बंगला । जय माँ-मति-मानुश ।

ममता बनर्जी


আদর্শবাদী
সৎ
গণতান্ত্রিক
আপনজন
অগ্নিকন্যা
আপোষহীন
নীতিপরায়ণ
ন্যায়পরায়ণ
মমতাময়ী
জননেত্রী
দৃঢ়
সুদক্ষ





# विषय-सूचि


अर्थतन्त्र ........................... 1

सामाजिक न्याय र सुरक्षा ........ 7

युवा ................................ 13

खाद्यान्न ........................... 17

खेतीपाती र कृषि .................. 21

उद्योग .............................. 27

स्वास्थ्य ........................... 31

शिक्षा .............................. 35

आवास .............................. 41

विद्युतए सडक र पिउने पानी ..... 45

# डिदिर १० ओङ्गिकार



अर्थतन्त्र

## ओजोस्रो सुजोग्, सोमृद्ध हो बाङ्ग्ला

- रु १२.५ लाख करोड सहित पाँचौ  ठूलो अर्थतन्त्र र बाषिक प्रतिव्यक्ति आय रु २.५ लाख भन्दा बढी
- सन् २०११ मा २० प्रतिशत जनतामा गरिबको रेखामुनी रहेकोमा अहिलेसम्म ३५ लाख मानिसलाई गरिबीको रेखामाथी ल्याई गरिबीको सूचक ५ प्रतिशत मा झारिएको ।
- बेरोजगार दर आधा घटाउन वार्षिक ५ लाख नयाँ रोजगारी सृजना गरिने ।

## प्रोती परिवारके, न्युनोतोमो मासिक आय)

- बङ्गालका १.६ करोड महिला घरमूलीहरूको मासिक आधारभूत आय सुनिश्चित गर्न एक नयाँ योजना ल्याईनेछ । जसअनुसार सामान्य वर्गको परिवारलाई मासिक रु ५०० (वार्षिक रु ६०००) र अनुसूचित जनजातिका लागि मासिक रु १,००० (वार्षिक रु १२,०००) उपलब्ध हुनेछ।



सामाजिक न्याय र सुरक्षा



युवा

## आर्थिक सुजोग्, शोबोल जुबो

- बंगाली युवालाई स्वावलम्वी बनाउन नयाँ योजना मार्फत सबै योग्य बिद्यार्थीहरुलाई  १० लाखको बिद्यार्थी क्रेडिट कार्ड बार्षिक ४ प्रतिशत व्याजदरमा उपलब्ध गराउने ।

## बाङ्ग्लरी शोबर, निश्चित आहार

- खाद्यसाथी कार्यक्रम अन्तरगत नयाँ सुविधा अन्तर्गत रासन पसलमा जान आवश्यक नपर्ने गरी १.५ करोड घरमा मासिक रुपमा निशुल्क खाद्यान्न घरमै पुर्‍याइदिने ।



खाद्यान्न



खेतीपाती र कृषि

## बोर्धितो उत्पदोन्, सुखी कृशोक

- कृषकबन्धु योजना अन्तर्गत ६८ लाख साना र सिमान्तकृत कृषकलाई प्रत्येक बर्ष रु १०,००० प्रती एकड उपब्लध गराइने ।
- कुल खेतीयोग्य जमिनको हिसाबमा पहिलो नंबरमा पर्ने उदेश्यका साथ ३ लाख हेक्टर खेतीयोग्य जमिन थप गर्ने र ४.५  लाख हेक्टर जमिनमा दुइ बाली प्रणाली हुने  गरी रुपान्तरण गर्ने ।
- अधिक खाद्य उत्पादन हुने ५ उत्कृष्ट राज्यको सूचिमा पर्ने र नगदेबाली जस्तै चिया, जुट, आलु र सुर्ती उत्पादनमा उत्कृष्ट ४ को सूचिमा पर्ने ।




## सिल्पोन्नोतो बाङ्ग्ला

- प्रत्येक बर्ष १० लाख साना तथा मझ्यौला उद्योग थपेर चालु अवस्थामा रहेको सँख्या १.५ करोड पुर्याउने ।
- आगामी ५ बर्ष सम्म हाल मौजुदा रहेको १०,००० सँख्यामा नयाँ २,००० सँख्या थपिने।
- आगामी ५ बर्ष सम्ममा रु ५ लाख करोड बराबरको नयाँ लगानी गरिने ।




## उन्नोतोतोरो स्वास्थ्य ब्यबोस्था, सुस्थो बाङ्ग्ला

- साविकको स्वास्थय खर्चको हिस्सा राज्यको कुल ग्राहस्थ्य उत्पादनको ०.८३ प्रतिशत रहेकोमा त्यसलाई दोब्बर गरी १.५ प्रतिशत पुर्याउने ।
- सबै २३ जिल्ला सदरमुकाममा मेडिकल कलेज तथा सुपर स्पेसालीटी हस्पिटल बनाउने ।
- डाक्टर, नर्स र स्वस्थ सहयोगीको सख्या दोब्बर बनाउने ।




## एगिए रख्ते, शिक्खितो बाङ्ग्ला

- राज्यको जिडिपि बाट शिक्षा क्षेत्रमा २.७ प्रतिशत बाट बढाएर ४ प्रतिशत खर्च गर्ने।
- प्रत्येक ब्लकमा कम्तीमा पनि एउटा नमूना आवसिय स्कूल स्थापना गर्ने।
- शिक्षक तालिमको सिट सख्या दोब्बर बनाइने ।




## सोबै पाई, म्याथअ गोन्जर थाइ

- वंगालबारी योजना अन्तरगत शहरी वासस्थानमा ५ लाख थप न्युनलागतका घर बनाई सुकुम्वासी जनसंख्या ७ प्रतिशत बाट ३.६५ प्रतिशत मा झार्ने ।
- वंगाल आवस योजना अन्तर्गत ग्रामीण भेगमा थप २५ लाख निम्न खर्चिय घर बनाई कच्चा घर सख्या १ प्रतिशत भन्दा तल झार्ने ।




## प्रोती घोरे विद्यूत, सोडोक, जल

- थप ४७ लाख घरधुरीलाई पाईप जडित पिउनेपानी व्यवस्था गरी हालको २६ प्रतिशत कभरेजलाई १०० प्रतिशत पुर्याउने ।
- सम्पूर्ण घरधुरीलाई सहुलियत दरमा २४ घण्टा र सातै दिन बिजुली उपलब्ध गराउने ।
- ग्रामीण भेगमा हरेक घरधुरीमा सबै मौसममा सन्चालन हुने सडक, व्यवस्थित नाली र पाईप जडित पिउने पानी उपलब्ध गराउने।



१



# अर्थतन्त्र

## ओजोस्रो सुजोग, सम्वृधो वंगला

### मुख्य लक्ष्य

- १२.५ लाख करोड सहित पाँचौ ठूलो अर्थतन्त्र र बार्षिक प्रतिव्यक्ति आय २.५ लाख भन्दा बढी हुने ।
- सन् २०११ मा २० प्रतिशत जनता गरिबको रेखामुनी रहेकोमा अहिलेसम्म ३५ लाख मानिसलाई गरिबीको रेखामाथी ल्याई गरिबीको सूचकलाई ५ प्रतिशत मा झारिएको ।
- बेरोजगार दर आधा घटाउन वार्षिक ५ लाख नयाँ रोजगारी सृजना गरिने ।

# मुख्य वाचा र तर्कको रुपरेखा

- राज्यको कुल ग्राह्यस्थ उत्पादन वृद्धि : अघिल्लो१० बर्षमा वंगालको राज्यको कुल ग्राह्यस्थ उत्पादन ५३ प्रतिशतले वृद्धि हुँदा ४.५ लाख करोड बाट वृद्धि भई ६.९ लाख करोड पुगेको

- प्रतिव्यक्ति आय: सन् २०१० मा रु ५१,५४३ भएको प्रतिव्यक्ति औषत आय सन् २०१९ सम्म आइपुग्दा दोब्बर भन्दा बढी भई रु १,०९,४९१ भइ पुगेको

- वित्तिय घाटा: कुल ग्राह्यस्थ उत्पादनको आधारमा राज्यको वित्तिय घाटा प्रतिशत २०१०–२०११ मा ४.२१ प्रतिशत रहेकोमा २०१९–२० सम्म यो घटेर २.९४ प्रतिशत कायाम रहेको छ ।

- राज्यले आफै उठाउने आयकरमा पछिल्लो ९ बर्षमा ३ गुणा भन्दा बढी वृद्धि भई रु २१,१२८ करोड बाट रु ६०,६६९ करोड पुगेको छ ।

- पुँजीगत खर्चमा भारी वद्धि भएको छ । सन् २०१०–११ मा २६३३.८ करोड पुँजीगत खर्च थियो भने सन् २०१९–२० सम्ममा आइपुग्दा सात गुणा भन्दा बढी वृद्धि भई १७२३६.८३ करोड पुगेको छ।

- क्षेत्रगत वृद्धि : पछिल्लो १० बर्षमा कृषिजन्य सेवामा ३० प्रतिशत, उद्योगमा ६० प्रतिशत र सेवा क्षेत्रमा ६२ प्रतिशतले वृद्धि भएको छ । पश्चिम बंगाल राज्यको अनुमानित बजेट खर्च ३.५ गुणा भन्दा बढी वद्धि भई सन् २०२१–२२ सम्ममा आइपुग्दा २.९९ लाख करोड पुगेको छ जबकी सन् २०१०–११ मा यो खर्च ८४,८०४ करोड मात्र थियो ।

- सन २०१९–२० मा पश्चिम बंगाल विदेशी पर्यटक आगमनको हिसाबले पाँचौं स्थानमा रहेको थियो । यो स्थान केरला र गोवा जस्ता राज्यहरु भन्दा पनि माथी हो ।

- सन २०११ पछि अन्तर्राष्ट्रिय आवागमनमा ९५ प्रतिसत र अन्तर्राज्यिय आवागमनमा १३२ प्रतिसतले वृद्धि भएको छ ।

- दुवारे सरकार: घरदैलोमा जनता केन्द्रित सुशासन अन्तर्गत राज्यभरी ३२८३० शिविरहरु संचालनमा ल्याइएको छ । सरकारी परियोजना सँग जोडिएका २.७५ करोड जनताका गुनासाहरुलाई सुनुवाई गरी समाधान गरियो ।

- परे समाधान: यो कार्यक्रम अन्तर्गत बढोत्तरी भएका नागरिकका इच्छा र आकंक्षालाई पुरा गर्नका लागि विभिन्न कारणले रोकिएका, नवीकरण गर्नु पर्ने र सुदृढिकरण गर्नु पर्ने परियोजनालाई सबल बनाईयो । जनताको उल्लेखनीय सहभागिता र जवावदेहिताबाट हामीले समुदायमा आधारित १०,००० भन्दा बढी समस्याहरुको हल गरेका छौ ।

# आगामी ५ बर्षका लागि प्रतिबद्धता

1. १२.५ लाख करोड सहित पाँचौ  ठूलो अर्थतन्त्र र बार्षिक प्रतिव्यक्ति आय २.५ लाख भन्दा बढी हुने ।

   पश्चिम बंगाल देशको छैठो ठूलो अर्थव्यवस्था हो जसको कुल ग्राह्यस्थ उत्पादन स्थिर मुल्यमा रु ७.९३  लाख करोड (२०१९-२०२०) थियो । पछिल्ला दस बर्षमा, यस राज्यको कुल ग्राह्यस्थ उत्पादन ५३ % ले बृद्धि भएको छ । राज्यको प्रतिव्यक्ति आय हाल २०१९  मा रु १,०९,४९१  छ । सन २०१५-२०२० सम्म राज्यको वार्षिक कुल ग्राह्यस्थ उत्पादन वृद्धि दर ६.६७ % रहेको छ । पश्चिम बंगालको अबको बृद्धिदर ९ % रहने छ र यसले राज्यलाई पाँचौ शीर्ष स्थानमा स्थापित गराउनेछ । यसबाट हुने थप लाभले प्रति व्यक्ति आय दोब्बर भई यसको मान रु २.५ लाख भन्दा बढी हुने छ ।

2. सन् २०११ मा २० प्रतिशत जनता गरिबको रेखामुनी रहेकोमा अहिलेसम्म ३५  लाख मानिसलाई गरिबीको रेखामाथी ल्याई गरिबीको सूचकलाई ५ प्रतिशत मा झारिएको ।

   सन् २०१२ सम्ममा १.८५ करोड जनता गरिबीको रेखामुनी थिए । सन् २००५ र २०१२ को समयमा प्रति बर्ष गरीबी, जनसख्या वृद्धिको ७ प्रतिशतमा समायोजन गरिएको थियो । समावेशी विकास र व्यापक सामाजिक सतर्कता सहित आगामी पाँच बर्ष सम्ममा ३५ लाख अति  विपन्न जनतालाई गरिबीको रेखामुनि बाट माथि ल्याउने छ । जुन अहिलेको भन्दा  ३३ प्रतिसत उच्चदर हुन आउने छ ।

3. बेरोजगार दर आधा घटाउन वार्षिक ५ लाख नयाँ रोजगारी सृजना गरिने ।

   पश्चिम वंगालमा हाल करिब २१ लाख जनसँख्या वेरोजगार छन् । उद्योग र सेवा क्षेत्र बिस्तार गर्दै पश्चिम वंगाल राज्यले वेरोजगारीको सँख्या आधा घटाउन प्रति बर्ष थप ५ लाख रोजगार सृजना गर्नेछ ।

4. पर्यटन क्षेत्र मा ती शीर्ष राज्यमा गणना हुने

   राज्यले पर्यटन उद्योगमा निरन्तर राम्रो प्रदर्शन गरिरहेको छ । सन २०२० मा यसको स्थान पाँचौंमा रहेको छ। यस क्षेत्रमा निरन्तर लगानी भएपछि पश्चिम बंगाल राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन आगमनका लागि देशका शीर्ष तीन राज्यहरू मध्ये एक हुनेछ।

5. दुवारे सरकार र परे समाधान प्रति बर्ष दुइ चोटी संचालनमा ल्याइने

   दुवारे सरकार र परे समाधानको अभूतपूर्व सफलताका कारण यी पहलहरू प्रत्येक वर्ष दुई पटक अगस्ट-सेप्टेम्बर र डिसेम्बर-जनवरीको बीचमा सञ्चालन गरिनेछ । हामी सुनिश्चित गर्नेछौं कि सबै सरकारी योजनाहरू र परियोजनाहरूका लाभहरू र सेवाहरू लाभार्थीहरूको ढोकासम्म पुग्छन् ।

6. प्रभाबकारी कार्यसम्पादनका लागि उच्च कार्यक्षमताको नतिजा निकाल्ने ईकाईको गठन

   पश्चिम वंगाल उच्च कार्यक्षमताको नतिजा निकाल्ने इकाइको गठनले प्रभावकारी कार्यसम्पादन र सरकारका उच्च प्राथमिकताका  नितिनियमहरुलाई तल्लो तहसम्म पुर्‍याउने, नियमित

कार्यसम्पादन मुल्याङ्कन सहित सुधारिएको सेवा वितरणको प्रत्याभुति गराउने उदेश्य लिएको छ। यो इकाइले मुख्यमन्त्री कार्यालय र विशेष अधिकार दिइएको मुख्य सल्लाहाकारको अध्यक्षको निकटमा रहेर काम गर्नेछ । यो इकाइले मुख्यमन्त्री को कार्यालय र जनताको कार्य सहभागिता गराउनुका साथै सरकारी निती नियम तथा कार्यक्रम प्रति जनताको आंकाक्षा सुझाव समस्याहरुमा छलफल एंवम् समाधान गर्ने मञ्च प्रदान गर्नेछ । यसले गर्दा राज्य स्तरमा रहेका निति निर्माताहरुलाई नियमित रुपमा सुचना प्रदान गर्नेछ ।

### 7. कानुन परिषदको पुन: सञ्चालन

हामीले राज्यको कानुनको दोस्रो कक्ष अर्थात कानुन परिषद् पुन: संचालन गर्नेछौ । यसमा विज्ञहरु ल्याइनेछन् जसले राज्यको क्रियाकलापहरुलाई सही ढंगले अगाडी बढाउन महत्वपूर्ण भुमिका खेल्नेछन् । राज्यससभाबाट संकल्प प्रस्ताव पास गरी भारत संविधानको दफा १६९(१) अनुसार कानुन परिषद्को स्थापना गरिनेछ । यस पश्चात संसदबाट निति नियम पास गर्न संवैधानिक आदेश र बाध्यता हुनेछ ।









# सामाजिक न्याय र सुरक्षा

## प्रोती बशय्, मशिक आय

### मुख्य लक्ष्य

- बङ्गालका १.६ करोड महिला घरमूलीहरूको मासिक आधारभूत आय सुनिश्चित गर्न एक नयाँ योजना ल्याईनेछ । जसअनुसार सामान्य वर्गको परिवारलाई मासिक रु ५०० (वार्षिक रु ६०००) र अनुसूचित जनजातिका लागि मासिक रु १,००० (वार्षिक रु १२,०००) उपलब्ध हुनेछ ।

# मुख्य वाचा र तर्कको रुपरेखा

## जंगलमहल क्षेत्रहरू

- पश्चिम बंगाल केन्दु पात संकलनकर्ताहरूको सामाजिक सुरक्षा योजना: पश्चिम मेदिनीपुर, बकुरा, पुरुलिया र झारग्राममका करिव पैतिस हजार अनुसूचित जनजाती सर्वसाधारणले यस योजना अन्तर्गत दुर्घटना, चिकित्सा र अन्त्येष्टि जन्य कार्यहरुका लागि वित्तिय सहायता पाएका छन् ।

- सन् २०२० मा झारग्राम जिल्लामा मुख्यालय रहने गरि जंगलमहल बटालियनको स्थापना गरिएको थियो ।

- जंगलमहल एक्शन प्याकेजस् चौतीस जाप जिल्ला ३४ वटा ब्लकमा लागू गरिएको छ ।

## पहाडी क्षेत्र र चिया बगान

- सन् २०२१-२२ का लागि यी क्षेत्रहरूको विकासका लागि ११,५२३ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

- दार्जीलिङ जिल्लामा मुख्यालय रहने गरि सन २०२० मा गोर्खा बटालियनको गठन भएको हो ।

- प्रति परिवार ३५ किलोग्राम नि: शुल्क खाद्यान्न चिया बगानका कामदारहरूलाई प्रदान गरिएको छ।

## श्रमिक, मजदूर, करार श्रमिक र स्वयं-सहायता समूह

- 'सय दिन कार्य' परियोजनाको शीर्ष स्थानमा रहेको राज्य हो । १० बर्षमा ६०,००० करोडको लागतमा लगभग २६० करोड कार्य दिनहरू सिर्जना गरिएको छ ।

- जागो योजनाबाट ९.५ लाख भन्दा बढी स्व-सहायता समूह लाभान्वित भएका छन् जस अन्तर्गत एक पटक ५००० रुपैयाँ सहयोग प्रदान गरिएको थियो ।

- समर्थन योजनाले नोटबन्दी पछि देशका विभिन्न भागबाट राज्य फर्कन बाध्य भएका मजदुरहरुलाई एक पटक ५०,००० रुपैयाँको अनुदान प्रदान गरेको थियो ।

## अनुसूचित जाति र अनुसूचित जनजाति, र पिछडिएको वर्ग कल्याण

- नारायणी बटालियन कोचबिहार जिल्लामा मुख्यालय रहने गरी गठन गरिएको थियो ।

- जय जोहर र तापसीली बन्धुले ६० बर्ष भन्दा माथि उमेरका गरीब अनुसूचित जनजातिहरुलाई प्रत्येक महिना एक हजार रुपैयाँ पेंशन प्रदान गर्छ ।

- चालू आर्थिक वर्षमा १९,२४,५२३ जाती प्रमाणपत्र जारी गरिएको छ ।
- तामाङ, शेर्पा, भूटिया, लिम्बु, आदिबासी र मायल लियांग लेप्चा समुदायका लागि ६ वटा सांस्कृतिक

र विकास बोर्ड स्थापना गरिएको छ।

» विशिष्ट समुदायको केन्द्रित विकासको लागि, बाउरी, नमसूद्र, मातुआ, राजवंशी, कुर्मी, कामी र बागडी समुदायहरूको लागि विकास बोर्ड स्थापना गरिएको छ।

» वन अधिकार ऐन, २००६ अन्तर्गत पट्टिको वितरणस् डिसेम्बर २०२० सम्म ४८९६४ आदिवासी र १९० अन्य परम्परागत वनवासीलाई उनीहरूको वन जग्गाको व्यक्तिगत पदवी दिइएको छ ।

## सुन्दरबन र तटीय क्षेत्र

» सुन्दरबनमा पाँच करोड म्यान्ग्रोभ प्रचारहरू पच्चीस सय हेक्टर अधिकमा रोपिएका छन् ।

» सरकारले एम्फनको समयमा बिग्रिएको पुनर्स्थापना र मर्मतसम्भारका लागि २६३ योजनाहरू पनि अनुमोदन गरेको छ ।

» हाल राज्यमा ४४६ बाढी आश्रयस्थल र २६८ राहत गोदामहरू छन् । यसका साथै पूर्व मेदिनीपुर, उत्तर २४ परगना र दक्षिण २४ परगना तटवर्ती जिल्लाहरुमा २२१ बहुउद्देश्यीय चक्रवात आश्रयस्थल निर्माण सम्पन्न भएको छ ।

## शरणार्थी पुनर्वास

» राज्यमा २२४ शरणार्थी उपनिवेशहरू नियमित गरिएको छ। यी कालोनीहरूका बासिन्दाहरूलाई एक "फ्रीहोल्ड" शीर्षक डीड प्रदान गरिएको छ जसले लगभग ४५,००० परिवारलाई फाइदा पुर्‍याएको छ।

» गृह पट्टा, कृषि पट्टा र बनज पट्टा साढे तीन लाख परिवारलाई दिइएको छ ।

## संस्कृति

» राज्य सरकारले "जय बंगला" योजना अन्तर्गत आदिवासी लगायत ईसाई, जैन, बौद्ध र पारसी समुदायका कम आय वर्ग समूहका पुरोहित र पुजारीहरूलाई १,००० रुपैयाँको आर्थिक सहयोग उपलब्ध गराउन मासिक योजना ल्याएको छ।

» सन २०२०-२१ मा पश्चिम्बाङ्गा दलित साहित्य अकादमी गठन गरिएको छ र पश्चिम्बाङ्गा हिन्दी अकादमीको पुनर्गठन समेत गरिएको छ ।

» आधिकारिक भाषाहरू नेपाली, उर्दू, हिन्दी, उडिया, संथाली, गुरमुखी, पंजाबी, कमतापुरी, राजवंशी, कुर्माली, कुरुख र तेलुगुलाई राज्यको आधिकारिक भाषाहरूका रूपमा थप गरिएको छ।

» हरिचन्द गुरुचन्द स्टेडियममा निर्माण कार्य सम्पन्न गरी उद्घाटन गरियो ।

» प्रमुख आइकनहरूको लागि राज्य बिदास् नेताजी सुभाषचन्द्र बोस, बिरसा मुंडा, ठाकुर पंचनन बर्मा लगायतको जयंतीका लागि राज्य बिदा घोषणा गरिएको छ ।

# अर्को पाँच बर्षको लागि प्रमुख प्रतिज्ञाहरू

1. बंगालका १.६ करोड घरपरिवारका महिला प्रमुखहरूको मासिक आधारभूत आय समर्थन सुनिश्चित गर्नका लागि एक नयाँ योजना - जनेरल वर्गको परिवारलाई मासिक रु ५०० (वार्षिक रु ६,००० रुपैयाँ) र अनुसूचित जाति र अनुसूचित जनजाति (एससी / एसटी) परिवारलाई रु १,००० रूपैयाँ (वार्षिक रु १२,०००)

   राज्यको मासिक औसत एक परिवारको उपभोग व्यय रु ५,२४९ छ । जनेरल वर्गको वर्गका घरपरिवारलाई मासिक रु ५०० (वार्षिक रु ६,००० रुपैयाँ) र एससी / एसटी वर्गका परिवारहरुलाई मासिक रु १,००० रूपैयाँ (वार्षिक रु १२,०००) प्रदान गर्ने भनेको मासिक खर्चको क्रमशः १०% र २०% हो । यो रकम पश्चिम बंगालमा परिवारका प्रमुख १.६ करोड महिला प्रमुखहरूको बैंक खातामा जम्मा हुने छ । यसमा अनुसूचित जाति / जनजाति समुदायका सबै घरहरू समावेश हुन्छन्। सामान्य वर्गका/जनेरल वर्गको लागि यो आम्दानी समर्थन कम्तिमा एक कर तिर्ने सदस्य (४२.३ लाख मानिस) र २ हेक्टर जग्गाका स्वामित्वमा रहेका (२.८ लाख मानिस) बाहेक सबै परिवारलाई दिइनेछ। यस योजनाको बजेट खर्च प्रतिवर्ष १२,९०० करोड रूपैयाँ हुनेछ।

2. समुदायहरु वा भौगोलिक क्षेत्रहरूको तीव्र विकासको लागि अग्रगामी कार्यक्रम

   ओ.बी.सी. को मान्यतालाई मान्यता दिई हाल महिस्यास, तिली, तामुल, सहस जस्ता ओबीसी मान्यता नदिएका तर मण्डल आयोगमा ओबीसी समुदायको सिफारिश सूचीमा समावेश भएका सबै समुदायलाई ओबीसी स्थिति परीक्षण गर्न र प्रस्ताव गर्न एउटा विशेष कार्यदल गठन गरिनेछ ।

   हामी महतो समुदायलाई एसटीको दर्जा दिन हाम्रो सिफारिसमा आक्रामक रूपमा भारत सरकारसँग अनुगमन गर्नेछौं ।

   माल्दा क्षेत्रका केही भागमा बसोबास गर्ने एस.टी. को मान्यताका लागि किसान जातियोंको लामो समयदेखि राखिएको मांगको सीघ्र सम्बोधन गरिने छ ।

   तराई-डुवर्स क्षेत्रका जनताको समग्र विकास र उत्थानका लागि विशेष विकास बोर्ड गठन हुनेछ जसमा त्यस क्षेत्रका सबै समुदायबाट समानुपातिक प्रतिनिधित्व हुनेछ ।

3. दस लाख नयाँ बचत समूहहरूलाई सस्तो ऋण

   समाजका न्युन आय भएका महिलालाई सँगठित गरी "मात्री बन्दना" नामक नयाँ योजना अन्तर्गत १० लाख नयाँ एसएचजीहरुको गठन गरिने छ । यी सहायता समूहहरुलाई आगामी ५ बर्षमा बैंकबाट २५००० करोड बराबरको सहज ऋण उपलब्ध गराईने छ । यस बाहेक, महामारीले प्रतिकूल असर पर्ने स्वयं सहायता समूह, कारीगर, लोक कलाकारहरूको आर्थिक अवसरहरू सिर्जना गर्न प्रत्येक जिल्लामा बंगाला मोडर गोर्बो नामको तीन दिने कार्यक्रम आयोजना गरिनेछ ।

4. शिक्षा पहुँचमा सुधारको लागि नयाँ स्कूलहरू खोल्ने

   अनुसूचित जाती, जनजाती तथा गरिब समूदायका बालबालिकाको फाइदाका लागि १०० वटा नयाँ अंग्रेजी माध्यमामा अध्यापन गराईने विद्यालयहरू खोलिनेछ । ५०० वटा नयाँ स्कूलहरू शुरु गरिनेछ

जहाँ ‘अलचिकी’ भाषामा शिक्षा प्रवद्र्धनका लागि १,५०० प्यारा शिक्षकलाई शिक्षणका लागि आवद्ध गराईने छ । सदरी भाषामा १०० वटा नयाँ विद्यालयहरू खोलिनेछ र त्यसका लागि ३०० पारा शिक्षकहरूलाई काममा लगाइनेछ । यसका अतिरिक्त नेपाली, हिन्दी, उर्दू, कामतापुरी र कुर्माली भाषाहरूको १०० वटा नयाँ विद्यालयहरू खोलिनेछ र त्यसमा ३०० पारा शिक्षक पनि कार्यरत हुनेछन् । करिब २०० राजबशी भाषा विद्यालयहरुलाई सरकारी मान्यता दिई  वित्तीय सहायता प्रदान गरिनेछ ।

5. चिया बगैंचा क्षेत्र र कामदारहरूको लागि विशेष योजना

हामी चा सुन्दरी परियोजना आगामी दुई बर्षमा सम्पन्न गर्नेछौं र ३ लाख भन्दा बढी स्थायी चिया बागान कामदारहरूलाई पक्की आवास प्रदान गर्नेछौं । अलिपुरद्वार, जलपाईगुडी र दार्जिलिंगको मैदानमा बसोबास गर्ने आदिवासी समुदायले भोग्ने समस्यालाई कम गर्न हामी तनावग्रस्त चिया बगैंचा क्षेत्रमा पनि चाँडै कदम चाल्नेछौं । २३ चिया बगैचाहरु नवीकरण परियोजना अन्तर्गत आउनेछन् ।

6. एक ‘मोडेल नन्दिग्राम’ निर्माण गर्दै

नन्दिग्रामलाई मोडेल सहरको रूपमा विकास गरिनेछ र पूर्वाधार सुविधाहरू जस्तै राम्रा सडकहरू, २४ घण्टै सस्तो बिजुली र सबैका लागि पाईप जडित पिउनेपानी आपूर्ति हुनेछ । युवाहरूको लागि उच्च शिक्षामा अधिक पहुँच प्रदान गर्न नयाँ विश्वविद्यालय निर्माण गरिनेछ ।

7. नेताजी सुभाषचन्द्र बोसको स्मारक

नेताजी सुभाषचन्द्र बोसको १२५ औं जन्मजयंती मनाउन आजाद हिन्द स्मारक कोलकाताको नयाँ शहरमा निर्माण गरिने छ । जय हिन्द भवन प्रत्येक जिल्लामा निर्माण गरिने छ; कोलकाता पुलिसमा नेताजी बटालियन नामको एउटा बटालियन सिर्जना गरिनेछ; र अन्तमा, ‘नेताजी राज्य योजना आयोग’ पनि गठन हुनेछ ।

8. घटाल गुरुयोजना अन्तर्गत बाढी व्यवस्थापन योजना

घटाल गुरुयोजना अन्तर्गत बाढी व्यवस्थापन योजनाका लागि भारत सरकारबाट कुनै रकम उपलब्ध नभए पनि १९ किलोमिटर नदीको पुनर्निर्माणको काम सकिएको छ र ८४ किलोमिटर को काम सुरु गरिएको छ । प्रस्तावित योजना पूर्व मेदिनीपुर र पश्चिम मेदिनीपुरमा जम्मा १४७ किलोमिटर नदीको पुनरुत्थान समेत हो ।







३



# युवा

# आर्थिक सुजोग्, शोबोल जुबो

## मुख्य लक्ष्यहरू

- युवालाई आत्मनिर्भर बनाउन, सबै योग्य विद्यार्थीहरूको लागि नयाँ योजना (४५ ब्याज दरमा रु १० लाखसम्म क्रेडिट सीमाको साथ विद्यार्थी क्रेडिट कार्ड

# विगत १० बर्षमा उपलब्धिहरु

## शिक्षा र कौशल विकास

» ३० नयाँ विश्वविद्यालयहरू, ५१ नयाँ कलेजहरू, ठड नयाँ औद्योगिक प्रशिक्षण संस्थानहरू, ३६ नयाँ पोलिटेक्निकहरू सिर्जना गरियो

## रोजगार उत्पादन र सहयोग

» करीव ९० लाख सना तथा मझ्यौला उध्योग ९२०१२ मा ३४ लाख० १।३५  करोड मानिसहरूलाई रोजगारी गर्दै, हामीले भारतमा एमएसएमईमा रैबलपक १ प्राप्त गर्यौं।

» युवाश्री अन्तर्गत बेरोजगार युवाहरूलाई प्रतिमहिना १५०० रुपैयाँ दिने सहयोगले उनीहरूको रोजगारीमा वृद्धि भएको छ र यसले बंगालका १,८१,४७७ युवाहरूलाई फाइदा पुर्‍याएको छ।

» बंगला स्वानिभार कर्मासंस्थान प्राक्कलपाले २,८४,००० भन्दा बढी मानिसहरूलाई स्व रोजगारका अवसर भएका मानिसहरूलाई व्यवसाय, इकाइ, व्यावहारिक सेवाहरू इत्यादि स्थापना गर्न स्व रोज्गार दिएर लाभान्वित भएका छन्।

» पुलिस र प्रशासनमा २०११ देखि रिक्त रहेको ४ लाख पद भरे

» स्वरोजगार ऋणस् स्वरोजगारका अवसरहरू प्रदान गर्ने दृष्टिकोणले व्यक्तिगत उद्यमी र स्वयं(सहायता समूहहरूलाई टर्म लोन र ९माइक्रो फाइनान्स० प्रदान गर्दैछ। अल्पसंख्यक युवाहरू र स्वयं सहायता समूहका सदस्यहरूलाई दीक्षित रोजगारी सिर्जना गर्न २०११(२० को अवधिमा ९.४३ लाख टर्म लोन र माइक्रो क्रेडिट प्रदान गरिएको छ।

» १२,४६० क्लबहरूलाई खेल गतिविधि प्रोत्साहनका लागि अनुदान दिइयो

» युवश्री अन्तर्गत बेरोजगार युवाहरूलाई प्रतिमाह रु १५०० को सहायताले उनीहरूको रोजगारीमा बृद्धि भएको छ

» २०१८-१९  देखि राज्यभर घाँस जरा स्तर कोचिंग क्याम्पको पूर्वाधार सुधार गर्न नयाँ योजना खेल प्रशिक्षण शिविरको सुदृढीकरणू को स्थापना भएको हो। कोचिंग क्याम्पहरू स्वीकृत भएका छन्, प्रत्येकलाई १ लाख रुपैयाँ  प्रतिभा खोजी र घाँस जरा तहमा पूर्वाधार विकासका लागि प्रदान गरिएको छ।



# मुख्य प्रतिज्ञाहरू र तर्कको रूपरेखा

1. बाङ्गलको युवालाई आत्मनिर्भर बनाउन, सबै योग्य विद्यार्थीहरूको लागि नयाँ योजना । युवालाई आत्मनिर्भर बनाउन, सबै योग्य विद्यार्थीहरूको लागि नयाँ योजना (सहुलियत ब्याज दरमा रु १० लाखसम्म क्रेडिट सीमाको साथ विद्यार्थी क्रेडिट कार्ड)

   विद्यार्थी क्रेडिट कार्डमार्फत उच्च शिक्षा लिने विद्यार्थीहरूको अनुदानित दरमा रु १० लाख सम्म क्रेडिट प्राप्त गर्न योग्य हुनेछ। एकल रकमको रूपमा लिने यिबलण भन्दा फरक, एक विद्यार्थी क्रेडिट कार्डले विद्यार्थीहरूलाई उनीहरूको सुविधा अनुसार मागको लागि पैसा प्रदान गर्नेछ आउँदो थभबचक बर्षमा १। ऋच करोड भन्दा बढी विद्यार्थीहरूलाई फाइदा

2. आईएएस र पोस्ट इंटर्नशिप अवसर प्रदान गरिनेछ।

   हरेक तीन बर्षमा १०,००० विद्यार्थीलाई ुयुवशक्ति नामको नयाँ योजना अन्तर्गत बिभिन्न सरकारी विभागहरूमा इंटर्नशिप र पोस्ट(इंटर्नशिप अवसर प्रदान गरिनेछ।

3. १.१ लाख पदहरू आगामी बर्षमा राज्यले विभिन्न सरकारी विभाग र प्रहरी प्रणालीमा भर्नेछ

   हरेक तीन बर्षमा १०,००० विद्यार्थीलाई ुयुवशक्ति नामको नयाँ योजना अन्तर्गत बिभिन्न सरकारी विभागहरूमा इंटर्नशिप र पोस्ट(इंटर्नशिप अवसर प्रदान गरिनेछ।

4. १०० विद्यार्थीहरूको लागि निःशुल्क कोचिंग क्ष्ब्क् र क्ष्एक् परीक्षाको लागि प्रदान गरिनेछ

   आईएएस र आईपीएस परीक्षाको लागि १०० विद्यार्थीहरूको लागि निःशुल्क कोचिंग प्रदान गरिनेछ।

   प्रशासनिक प्रशिक्षण संस्थानको विशेष प्रशिक्षण केन्द्रले सयौं विद्यार्थीलाई निस् शुल्क खाना, बास र मासिक ब्यवसाय सहित थप प्रावधान सहित परीक्षाको लागि निःशुल्क कोचिंग प्रदान गरिनेछ।




Pepe JeANS





खाद्यान्न

# बाङ्गलरी शोबर, निश्चित आहार

## मुख्य लक्ष्यहरू

- युवालाई आत्मनिर्भर बनाउन, सबै योग्य विद्यार्थीहरूको लागि नयाँ योजना
- ४५ ब्याज दरमा रु १० लाखसम्म क्रेडिट सीमाको साथ विद्यार्थी क्रेडिट कार्ड

# विगत १० बर्षमा उपलब्धिहरु

## खद्य साथी

» २०१६ मा ५०० भन्दा बढी वितरक रु.२०,००० भन्दा बढी उचित मूल्य पसलहरूको माध्यमबाट सीमान्तकृत र आर्थिक हिसाबले कमजोर वर्गलाई अत्यधिक अनुदान प्राप्त राम्रो गुणस्तरको खाद्यान्न प्रदान गर्न सुरू गरिएको थियो।

» महामारीको क्रममा अनियोजित तालाबन्दीका कारण जनताले सामना गरिरहेका कठिनाइहरूलाई न्यूनीकरण गर्न खाद्या साथी अन्तर्गत सबै लाभार्थीहरूलाई निःशुल्क खाद्यान्न प्रदान गरिएको थियो। यो पहल जुन, २०२१ सम्म विस्तार गरिएको थियो

» विशेष कूपन डिजिटल रासन कार्ड नभएका व्यक्तिहरुलाई प्रदान गरियो। हाल यस योजनाबाट १० करोड व्यक्तिले लाभ उठाएका छन्।

» यस बाहेक आप्रवासी र अवरुद्ध मजदुरलाई अस्थायी खाद्य कुपन प्रदान गरिएको थियो भने चामल ४५८९४ मेट्रिक टन चाााना र २६५५ मेट्रिकटन चना पनि वितरण गरिएको थियो।

» कुनै पनि व्यक्तिलाई नत्यागोस् भनेर सुनिश्चित गर्न यौनकर्मी र ट्रान्सजेंडरहरूलाई डिजिटल रासन कार्ड र ख्यादथिथी विशेष कूपन प्रदान गर्न एउटा विशेष अभियान सञ्चालन गरिएको थियो।

## खरीद र भण्डारण सुविधाहरूको विस्तार

» राज्यमा खरीद र भण्डारणका लागि ३४९ सरकारी संचालित केन्द्रीकृत खरीद केन्द्र सहकारी संस्था, खाद्यान्न उत्पादक संगठन र १०९८ सहायता समूह छन्।

» मोबाइल अनुप्रयोग किसानहरू धान धान्नका लागि दर्ता गर्न र बिक्री गर्न सजिलो र सुविधाजनक प्लेटफर्मको रूपमा सुरू गरिएको छ।

» चामल राज्यका अधिकांश जनताका लागि मुख्य आहारको हिस्सा भएको हुँदा धान धान भण्डारन गर्ने सुविधा १० लाख मे टनमा उल्लेखनीय रूपमा वृद्धि गरिएको छ

## मुख्य प्रतिज्ञाहरू र तर्कको रूपरेखा

